नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ४ २०८३ साल साउन ५ गते मंगलबार (21 July 2026 Tuesday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विचार-विश्वकप समाप्तिः ... ३ पृष्ठमा : बालसुधार गृहका बालबालिकाको ... ३ पृष्ठमा प्रश्नपत्र चुहावटविरुद्ध...

## "रुपनी बजार" को जग्गा विवाद ५० बर्ष देखि बल्झिदै

# २५ जनाले पाए जग्गाधनी पूर्जा, १ सय ७६ जना अझै पर्खाइमा

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

सप्तरीको रुपनी गाउँपालिकास्थित रुपनी बजार स्थापना भएको ५० वर्ष बितिसक्दा पनि हालसम्म २५ जनाले मात्र जग्गाधनी पूर्जा प्राप्त गरेका छन् भने १ सय ७६ जना अझै पर्खाइमा छन् ।

एक महिनाअघि प्रारम्भिक जग्गाधनीसँगको समन्वयमा वडा नं. १ का फुलोदेवी साह, अनितादेवी साह, मो. सुलेमान मियाँ र केदारप्रसाद साहले जग्गाधनी पुर्जा प्राप्त गरे । उनीहरुलाई गाउँपालिका अध्यक्ष दिनेश यादवले पुर्जा हस्तान्तरण गरे ।

यसअघि गाउँपालिकाका पूर्वअध्यक्ष हरेराम यादवको कार्यकालमा २१ जनाले पनि यस्तै प्रक्रियामार्फत जग्गाधनी पुर्जा प्राप्त गरेका थिए ।

रुपनी गाउँपालिकाको केन्द्र समेत रहेका 'रुपनी बजार' को जग्गा विवाद ५० बर्ष देखि बल्झिएकै अवस्थामा छ । पूर्वअध्यक्ष हरेराम यादवका अनुसार सुरुमा निकै कम मूल्यमा जग्गा उपलब्ध गराएका परिवारका नयाँ पुस्ताले अहिले बढेको बजार मूल्यअनुसार रकम माग गर्न थालेपछि समस्या झन् जटिल बनेको हो ।




त्यसबेला प्रति कठ्ठा दुई सय रुपैयाँ रहेको जग्गाको मूल्य अहिले लाखौं रुपैयाँ पुगेको छ । यही कारण धेरै जग्गाधनी परिवारले पुरानो सहमति अनुसार जग्गा पास गर्न अस्वीकार गर्दै आएका छन् । परिणामस्वरुप, पाँच दशकदेखि बसोबास गर्दै आएका परिवार अझै कानुनी स्वामित्वबाट वञ्चित छन् ।

कानुनी रुपमा जग्गा भने प्रारम्भिक जग्गादाताकै नाममा छन् भने घर बनाएर बसोबास गर्ने व्यक्ति एकातिर छन् र उनीहरुबाट बिटौरी कर लिने गाउँपालिका अर्कोतिर छ । एउटै जग्गामा तीनपक्षको स्वामित्व कायम रहेकै कारण समस्या सृजना भएको पुर्व अध्यक्ष यादव बताउछन् ।

यसले जग्गा किनबेच, बैंक ऋण, घर निर्माण तथा अन्य कानुनी प्रक्रियामा समेत स्थानीयलाई कठिनाइ भइरहेको उनको तर्क छ ।

रुपनी बजार आधुनिक बन्दै गएको छ, व्यापार विस्तार भइरहेको छ र नयाँ पुस्ता यहीं

*बाँकी अन्तिम पृष्ठमा*

## सार्वजनिक बिदा पुनरावलोकन गर्ने कार्यदल गठन गरिने

काठमाडौँ, ४ साउन (रासस) ।

सरकारले सार्वजनिक विदालाई पुनरावलोकन गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा चार सदस्यीय कार्यदल गठन गर्ने भएको छ ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा सोमबार भएको सचिवहरुको बैठकले हप्तामा शनिबार र आइतबार दुई दिन बिदा दिन थालिएपश्चात साविकमा रहेका अन्य सार्वजनिक बिदाको पुनरावलोकनका लागि उक्त कार्यदल गठन गर्ने निर्णय गरेको हो ।

कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशानसन र अर्थमन्त्रालयको प्रतिनिधि रहने र उक्त कार्यदलले १५ दिनभित्र गृह मन्त्रालयमा प्रतिवेदन पेस गर्ने मुख्यसचिव कार्कीद्वारा हस्ताक्षरित निर्णयमा उल्लेख छ ।

चालु आर्थिक वर्षमा तर्जुमा गर्ने गरी पहिचान भएका विधेयकको मस्यौदा तयार गर्ने कार्य सम्बन्धित मन्त्रालयले शीघ्र प्रारम्भ गर्ने बैठकको निर्णय छ । बैठकले धेरै पुराना, असान्दर्भिक र कार्यसम्पादनमा बाधा पुऱ्याउने खालका कानुनलाई खारेज गर्नका लागि सम्बन्धित मन्त्रालयले प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

## धेरै जिल्लामा वर्षाः सतर्कता अपनाउन अनुरोध

काठमाडौँ, ४ साउन (रासस) ।

जल तथा मौसम विज्ञान विभागले प्रायः सबै जिल्लामा पानी परिरहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ ।

मौसमविद् विनु महर्जनले देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ रहेकाले धेरै जसो जिल्लामा वर्षा भइरहेको जानकारी दिनुभयो ।

"कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका धेरै स्थान तथा मधेस प्रदेशका केही स्थानमा मध्यम वर्षा हुन सक्ने अनुमान गरिएको छ", महर्जनले भन्नुभयो ।

विभागले कोशी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका केही स्थान, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ ।

सोमबार राति मधेस प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका धेरै स्थानमा, साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुने सम्भावना रहेको विभागले जनाएको छ ।

## कन्या छात्रावास १५ दिनभित्र मविव क्याम्पसलाई हस्तान्तरण गर्न माग




**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

महेन्द्र विन्देश्वरी वहुमुखी क्याम्पसका लागि निर्माण गरिएको कन्या छात्रावास तुरुन्त क्याम्पस प्रशासनलाई हस्तान्तरण तथा छात्रावासमा बाँकी रहेको कामकाज तथा समयमा काम नगर्दा जिर्ण भएकोले त्यसमा भएको क्षतिबारे अनुसन्धान गर्न छानविन समिति बनाउन माग गर्दै सोमबार प्रमुख जिल्ला अधिकारीलाई स्मरण पत्र बुझाइएको छ ।

स्ववियु सभापति रंजित कुमार यादवसहित स्ववियुका पदाधिकारी तथा विद्यार्थीहरुले संयुक्त रुपमा प्रमुख जिल्ला अधिकारीलाई स्मरण पत्र बुझाउँदै ती आवश्यक सबै कार्य प्रक्रिया पुरा गरि १५ दिनभित्र क्याम्पसलाई हस्तान्तरण गर्न माग गरिएको हो ।

बुझाइएको स्मरणपत्रमा २० वर्ष देखि अलपत्र राखेर राज्यको करोडो लगानी खेर गइरहेको भन्दै जिल्लाकै गरिमा तथा क्याम्पसका लागि अति आवश्यक योजना यसरी दुई दशकदेखि अलपत्र हुनुले अनेको समस्या उब्जिएको उल्लेख छ ।

सोही पत्रमा "निर्माण कार्यमा संलग्न व्यक्तिहरुको गलत मनसायका कारण यस क्याम्पसका हजारौ जेहेन्दार तथा गरिब छात्राहरुलाई चर्को भाडा रकम तिरेर व्यक्तिको निजि घरहरुमा बसेर समस्या झेल्नु परिरहेको जनाउँदै

*बाँकी अन्तिम पृष्ठमा*

**सचेत उपभोक्ता बनौं**

सामान खरिद गर्दा देहायका विषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्वर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमवाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सडकमा खाल्डाखुल्डी मर्मतसम्म गर्न भ्याएन स्थानीय सरकार

आर्थिक मसान्त वितिसक्दा पनि सडकमा भएका खाल्डाखुल्डी मर्मतसम्म गर्न भ्याएन स्थानीय सरकार । जबकी आर्थिक मसान्तको अन्त्यतिर रात-रातभरी सडक निर्माणको काम जारि रहेको सत्य कसैसामु लुकेको छैन् । त्यतिमात्र नभएर वर्षा हुँदा पनि सो कार्य रोकिएन् । तर राजविराजको मुख्य सडकमै खाल्डाखुल्डी रहेकोमा ती कार्यको मर्मत सम्म गरिएन् । हुन त ती सडकहरु स्थानीय सरकारको अधिकार अन्तरगत नपरेपनी स्थानीय सरकारको क्षेत्रमा पर्नेहुनाले आफ्ना जनताका लागि गर्नु पर्ने कामबाट पन्छिनु कतिको उचित हो ?

राजविराजस्थित हनुमान मन्दिर मोड नजिक रहेको सडक स्तरोन्नति नहुँदा आवतजावतमा समस्या भइरहेको छ । मुख्य बजारमै रहेको सडक जीर्ण भएर ठुल्ठूला खाल्डा परेका छन् तर मर्मत नहुँदा सास्ती भइरहेको छ । यस्तै राजविराज रुपनी सडकखण्डको अवस्था पनि त्यस्तै छ । उक्त सडकमा माटो र ग्राभेल हाल्दा वर्षाले हिलो हुने र फेरि खाल्डो पर्ने गरेकाले झनै समस्या हुने गरेको छ । ती सडकबाट लामो तथा छोटो दूरीका बसहरु नियमित रुपमा सञ्चालन हुने गर्दछ भने दैनिकी सयकडौं यातायतका साधनका साथै साना-साना अन्य सवारीसाधनहरु समेत गुड्छन् ।

कुनै बेला पनि दुर्घटना निम्तिन सक्ने सम्भावना रहँदा पनि उक्त सडक तत्कालका लागि मर्मत गर्नेतर्फ कसैको ध्यान नपुग्न विडम्बना नै हो । तसर्थ यस्ता सडकहरुको अवस्था सुधार गरि आवागमनमा सहजता तथा भवितब्य जोखिमलाई निम्त्याउनबाट जोगाउने तर्फ सरोकारवाला निकायको ध्यान पुग्नु अति आवश्यक छ ।


### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# विचार-विश्वकप समाप्तिः फुटबलमा नयाँ युग थालनी

**राजु सिलवाल**

काठमाडौँ, ४ साउन (रासस) ।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को आदर्श स्वच्छ खेललाई पछ्याउँदै अनुशासित खेल प्रदर्शन गर्दै स्पेन फिफा विश्वकप फुटबल प्रतियोगिता विजेता बन्न सफल भएको छ ।

स्पेन तथा अर्जेन्टिनाबीच भएको फाइनल प्रतिस्पर्धामा रेफ्री स्लाभको भिन्सिकले खेल अवधिमा अनुशासन भङ्ग गरेको आधारमा देखाएका कूल सातवटा पहेँलो कार्डमध्ये सबै कार्ड अर्जेन्टिनाका खेलाडी तथा प्रशिक्षकले पाएका थिए । अझ अर्जेन्टिनाका इन्जो फर्नाण्डिजले दोहरो पहेँलो कार्ड पाएबापत रेफ्रीले रातो कार्ड देखाइ मैदानबाट निष्काशित गरेपछि १० खेलाडीमा सीमित हुनुपरेको साविकको विजेता अर्जेन्टिनाले हार समेत ब्यहोर्नुपऱ्यो तर स्पेनका खेलाडीहरूले भने खेल अवधिभर कुनै कार्ड प्राप्त नगरी अनुशासनको उच्चतम नमूना प्रस्तुत गरेका थिए ।

खेल अवधिभर विपक्षी अर्जेन्टिनाविरुद्ध पूर्ण दबाब दिन सफल स्पेनको टिमले उत्कृष्ट रणनीति प्रदर्शन गर्दै विश्व विजेता बन्न सफल भएको थियो । स्पेनका खेलाडीहरूले अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीलगायतका प्रभावशाली खेलाडीहरूलाई प्रारम्भदेखि अन्त्यसम्म एकोहोरो निगरानीमा राख्न सफल हुनु नै आफ्नो टिमको विजयको कारक बन्न पुग्यो । स्पेनको रक्षा पङ्क्तिदेखि अग्रपङ्क्तिका खेलाडीहरूले लगातार खेल आफ्नो नियन्त्रणमा राखिरहेको अवस्थामा अतिरिक्त समयको एक सय छ मिनेटमा फेरान टोरेसले निर्णायक गोल गरेका थिए । स्पेनको टिममा खेल कुनै खेलाडी विशेषमा निर्भर नरही सामूहिक रुपमा उचित भूमिका निर्वाह हुनुले नै टिमलाई विजयको भागीदार बनाएको अनुभव गरियो ।

स्पेनको रक्षापङ्क्तिको प्रशंसा जति गरे पनि कमी हुन्छ । रक्षापङ्क्ति बलियो हुनुको कारण नै स्पेन यसपालिको विश्वकपमा सबैभन्दा कम गोल खाने उदाहरणीय टिम बन्न पुगेको छ । समूहमा चरणमा कुनै पनि गोल नखाएर अपराजित यात्रा थालेको स्पेनले क्वाटरफाइनलमा मात्र बेल्जियमको एक गोल खाएको थियो । सो खेलमा स्पेनले बेल्जियमलाई एक गोलका विरुद्ध दुई गोलले हराएको थियो । स्पेन सेमी फाइनलमा फ्रान्सलाई एक गोलका विरुद्ध दुई गोलले पराजित गरी फाइनलमा पुगेको थियो । स्पेनका कप्तान रोड्रीलाई विश्वकप अवधिभर उत्कृष्ट खेल प्रदर्शनका साथै टिमको सक्षम नेतृत्व गरेबापत सर्वोत्कृष्ट खेलाडी घोषणा गर्दै गोल्डेन बल प्रदान गरिएको थियो । स्पेनकै गोलकिपर उनाई सिमोनले प्रतियोगिता अवधिभर सबैभन्दा कम गोल खाएबापत उत्कृष्ट गोल किपरका रुपमा गोल्डेन ग्लोभ प्रदान गरिएको थियो भने रक्षापङ्क्तिका कुर्बासीलाई सर्वोत्कृष्ट युवा खेलाडी बन्न सफल भएका थिए ।

स्पेनले पहिलोपटक सन् १९३४ मा इटालीमा आयोजित दोस्रो फिफा विश्वकपमा सहभागिता जनाएको थियो । त्यतिखेर स्पेन क्वाटर फाइनलसम्म पुगेको थियो । स्पेनले सन् २०१० मा दक्षिण अफ्रिकामा एकपटक विश्वकप जितेको थियो । स्पेनले हालसम्म १७ पटक विश्वकपमा सहभागिता जनाएको भए पनि दुईपटक मात्र फाइनलमा पुग्न सफल भएको थियो । विश्वभर अत्यधिक रुचाएका खेलाडी नियोनल मेस्सीको नेतृत्वमा रहेको अर्जेन्टिना विश्वकपमा अनवरत यात्राको क्रममा साबिकको विजेताबाट उपविजेतामा खुम्चनुपऱ्यो । अर्जेन्टिनाको पराजयको कारणमा आक्रामक खेल खेल्न नसक्नु नै देखियो । अग्रपङ्क्तिका खेलाडीहरूले विपक्षीको गोल पोष्टमा आक्रमक रुपमा अघि बढ्न खासै अवसर जुटाउन सकेनन । सामान्य पासिङमा समेत तालमेल मिल्न सकेको थिएन । विशेषतः स्पेनको तुलनामा अर्जेन्टिना कमजोर देखिएको थियो ।

अर्जेन्टिना यसपटक सातौँ चोटी विश्वकप फुटबलको फाइनलको यात्रा निरासामा परिणत भएको छ । अर्जेन्टिनाले विश्वकप फुटबलमा पहिलो प्रतियोगितादेखि लगातार सहभागिता जनाउँदै आइरहेको हो । सन् १९७८ मा पहिलोपटक आफ्नै गृहमैदानमा नेदरल्याण्डसलाई पराजित गर्दै विश्वकप जितेको अर्जेन्टिनाले सन् १९८६ मा तत्कालीन पश्चिम जर्मनीलाई हराएर उपाधि कब्जा गरेको थियो । त्यतिखेर अर्जेन्टिनाका कप्तान डियगो म्याराडोनाले इङ्गल्याण्डविरुद्ध गरेका आकर्षक गोललाई शताब्दीकै उत्कृष्ट गोल मान्ने गरिएको छ । सन् २०१४ को विश्वकपमा फाइनलमा पुगेर पनि जर्मनीसँग पराजित भएको अर्जेन्टिनाले कप्तान लियोनेल मेस्सीको नेतृत्वमा सन् २०२२ मा फ्रान्सलाई हराएर ३६ वर्षपछि पुनः उपाधि जित्न सफल भएको थियो । अर्जेन्टिना इङ्गल्याण्डलाई सेमीफाइनलमा एक गोलका विरुद्ध दुई गोलले पराजित गरी फाइनलमा पुगेको थियो ।

अर्जेन्टिनाले विश्वकपका प्रारम्भिक चरणदेखि नै लगातार जित हात पार्दै विशिष्ट पहिचान बनाउन सफल भएको थियो । समूह चरणको कुनै पनि खेलमा पराजय नभोगेको अर्जेन्टिनाले त्यसपछिका नकआउट चरणमा पनि लगातार जित हासिल गर्दै सहजै अन्तिम खेलसम्म पुग्न सक्यो । मेस्सीले यसपालिको विश्वकपमा अल्जेरियाविरुद्ध पहिलो ह्याट्रिक गर्ने खेलाडीका रुपमा कीर्तिमान स्थापित गरेका थिए । विश्वकप अवधिभर उनले कूल आठ गोल गरेका थिए ।

**करोडौँको पुरस्कार**

यसपटकको विश्वकपमा सन् २०२२ को विश्वकपको तुलनामा पुरस्कारको राशिमा वृद्धि गरिएको थियो । फिफाले हालसम्मकै सर्वाधिक राशि पुरस्कारको व्यवस्था गर्दै कूल पुरस्कारका लागि ८७ करोड १० लाख अमेरिकी डलर छुटचाएको थियो । विश्वकप विजेता टिमले पुरस्कारबापत पाँच करोड डलर पाएका छन् । यसअघि कतारमा विश्वकप विजेता टिम अर्जेन्टिनाले चार करोड २० लाख डलर पुरस्कार पाएको थियो । यसपालिको दोस्रो टिमले तीन करोड ३० लाख पुरस्कार प्राप्त गरेको छ । तेस्रो टिमका लागि दुई करोड ९० लाख डलर तथा चौथो टिमका लागि दुई करोड ७० लाख डलर पुरस्कारको व्यवस्था रहेको छ ।

फिफाले विश्वकपको तयारीका लागि ४८ वटा प्रत्येक टिमलाई १५ लाख डलर प्रदान गरेको थियो । त्यस्तै क्वाटरफाइनल पुगेका प्रत्येक टोलीले एक करोड ९० लाख डलर पाएका थिए । यसअघि समूह चरण खेलेका प्रत्येक टोलीले ९० लाख डलर, राउण्ड अफ बत्तीसमा पुगेका प्रत्येकलाई एक करोड १० लाख डलर तथा राउण्ड अफ सोह्र पुगेका प्रत्येक टिमले एक करोड ५० लाख डलर प्राप्त गरेका थिए ।

**असम्भव गोल**

विश्वकपका सन्दर्भमा थुप्रै गोल भएका छन् जसले फुटबलको इतिहासमा नयाँ कीर्तिमान स्थापित गरेको छ तर केही यस्ता गोल पनि भएका छन् जुन गोललाई स्वयं फुटबल विज्ञहरूले पनि असम्भव गोल मानेका छन् । फिफाले नर्वेका एन्टोनियो नुसाले इङ्गल्याण्डविरुद्ध गरेको गोललाई असम्भव गोलका रुपमा मनोनयन गरेको छ । उनले नर्वेका गोलकिपर जोर्डन पिकफोर्डलाई झुक्याउँदै बक्सको कठिन कुनाबाट स्पिन गराउँदै सिधै गोलपोष्टको जालीभित्र छिराएर गोल गरेका थिए ।

केप भर्डे टिमका रक्षापङ्क्तिका खेलाडी सिड्नी लोपेस काब्रालले अर्जेन्टिनाविरुद्ध अतिरिक्त समयमा गरेको गोललाई पनि यो प्रतियोगिताको कठिन गोल मानिएको छ । अर्जेन्टिनाका जुलियन अल्भारेजले स्विजरल्याण्डलाई अतिरिक्त समयमा बक्स बाहिरैबाट प्रहार गरेको बल गोलमा परिणत गरेर सबैलाई चकित बनाइदिएको थिए ।

**सर्वाधिक गोलकर्ता**

फ्रान्सका स्ट्राइकर एम्बाप्पेले फ्रान्सलाई उपाधि दिलाउन नसके पनि विश्वकपको इतिहासमै सर्वाधिक गोल गरेको कीर्तिमानसहित गोल्डेन बुट जितेका छन् । उनले विभिन्न विश्वकपमा गरी हालसम्मकै सबैभन्दा बढी २२ वटा व्यक्तिगत गोल गरेका छन् । उनले यसपटकको विश्वकपमा मात्र १० गोल गरेका थिए । उनले पछिल्लो दुई गोल इङ्गल्याण्डविरुद्ध गरेका थिए तर सो खेलमा फ्रान्स चार गोलका विरुद्ध छ गोलले हार्न पुगेको पुगेको थियो ।

**मैदानमा रुवावासी**

विश्वकप फुटबल प्रतियोगितामा पराजय भइसकेपछि विभिन्न टिमका खेलाडीहरूको रुवावासी साँच्चिकै नरमाइलो क्षण बन्न पुगेको थियो । हालसम्मका सबै विश्वकपमा भाग लिई पाँचपटक उपाधि जितिसकेको ब्राजिलको हारले समर्थकहरूलाई ज्यादै निरास बनाएको थियो । ब्राजिलका विश्व प्रसिद्ध खेलाडी नेयमार आफ्नो टिम विश्वकपबाट बाहिरिएको अवस्थामा रोएको क्षण अत्यन्त नरमाइलो थियो । घाइते भएर लामो समयसम्म मैदानबाट बाहिर रहेका नेयमार विश्वकपको प्रतिस्पर्धामा फर्किदा पनि रोएको देखिएको थियो । पछिल्लो पराजयपछि नेयमारजस्ता प्रभावशाली खेलाडीलाई आगामी दिनका महत्वपूर्ण प्रतियोगितामा देख्न पाइने हो कि होइन फुटबल समर्थकहरूमा चिन्ता थपिएको छ ।

**अधुरो सपना**

यसपटकको विश्वकप आफ्नो अन्तिम विश्वकप हुने सार्वजनिक घोषणा गरिसकेका पोर्चुगलका कप्तान क्रिष्टियानो रोनाल्डोको आफ्नो मुलुकलाई एकपटक विश्वकपको उपाधि दिलाउने सपना पूरा हुन सङ्केन । रोनाल्डोले आफूले खेलेका छवटै विश्वकपमा लगातार गोल गर्न सफल भई विश्वकपमा गोल गर्ने पहिलो खेलाडीको रुपमा कीर्तिमान कायम गरे तापनि आफ्नो टिमलाई विश्व विजेता बनाउने सपना भने पूरा गर्न सकेनन् ।

विश्वकपमा उनको कूल गोल सङ्ख्या ११ पुगेको छ । उनले यसअघि युरोकप, नेशन्स लिग, च्याम्पियन्स लिगजस्ता महत्वपूर्ण फुटबल प्रतियोगिता जिते पनि विश्वकपमा नकआउट चरण जित्न त्यति सहज हुन सकेन । पोर्चुगलले विश्वकपमा हालसम्म तेस्रो स्थानभन्दा ठूलो उपाधि जित्न सकेको छैन ।

**उदाहरणीय टिम**

अफ्रिकाको सानो टापु

*बाँकी तीन पृष्ठमा*

# बालसुधार गृहका बालबालिकाको मानवअधिकार सुनिश्चितताका लागि कार्ययोजना ल्याउन समितिको निर्देशन

काठमाडौँ, ४ साउन (रासस)।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले बाल सुधार गृहमा रहेका बालबालिकाको मानवअधिकार सुनिश्चितताका लागि कार्ययोजना ल्याउन नेपाल सरकारलाई निर्देशन दिएको छ।

समितिको आइतबारको बैठकमा 'बाल सुधार गृहमा रहेका बालबालिकाको मानवअधिकारसम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिबाट समितिमा पेस भएको प्रतिवेदन, २०८३' माथि सम्बन्धित मन्त्रालयसँग छलफलपश्चात सो निर्देशन दिइएको हो ।

प्रतिवेदनमाथि समितिका सदस्य र सम्बन्धित अधिकारीबाट प्राप्त रचनात्मक तथा व्यावहारिक सुझावसमेतलाई आवश्यकतानुसार समावेश गरी प्रतिवेदनलाई थप कार्यान्वयनयोग्य, व्यावहारिक र नतिजामुखी बनाउने कार्ययोजना समितिको आगामी बैठकमा पेस गर्न सम्बन्धित मन्त्रालयलाई भनिएको छ।

समितिले हाल सञ्चालनमा रहेको रुपन्देही बाल सुधार गृहको भवन साँघुरो तथा अनुपयुक्त देखिएकाले जिल्ला समन्वय समिति, रुपन्देहीको नवनिर्मित भवन बाल सुधार गृहलाई हस्तान्तरण गर्न र जिल्ला समन्वय समितिको काम बाल सुधार गृहको भवनबाट चलाउन सम्बन्त्रित मन्त्रालयहरूलाई निर्देशन दिएको छ।

बालसुधार गृहहरूको भौतिक पूर्वाधार तत्काल विस्तार तथा क्षमता अभिवृद्धि गर्न प्राविधिक वा व्यावहारिक रूपमा असहज भए तापनि विद्यमान चाप र समस्यालाई दृष्टिगत गरी तत्काल यसको वैकल्पिक प्रबन्ध गर्न आवश्यक देखिएको समितिले ठहर गरेको छ। बाल सुधार गृहहरूको क्षमता अनुकूल बालबालिकालाई मानवोचित रूपमा राख्ने प्रबन्ध मिलाउन अन्य सम्बन्धित सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी सोको शीघ्र सुरुवातका लागि महिला, बालबालिका मन्त्रालयलाई निर्देशन दिइएको छ।

बालसुधार गृहमा रहेका बालबालिकाको पोषणका लागि हाल कैदीबन्दी सरह उपलब्ध गराइँदै आएको दैनिक सिदा तथा रकम अपर्याप्त देखिएकाले बालबालिकाको उमेर र शारीरिक आवश्यकता अनुकूलको उपयुक्त पोषण तथा खाद्यान्न व्यवस्थापनका लागि तत्काल आवश्यक निर्णय गरी कार्यान्वयन गर्न महिला, बालबालिका मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन निर्देशन दिइएको छ।

समितिका सभापति समीक्षा बाँस्कोटाको अध्यक्षता र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीको उपस्थितिमा भएको बैठकमा मन्त्रालयका सचिव कृष्णबहादुर राउत र सहसचिव चक्रबहादुर बुढाले प्रस्तुतीकरण दिनुभयो।

बैठकमा सदस्यहरू निनुकुमारी कर्ण, कन्हैया बनिया, मोहनलाल आचार्य, सरस्वती लामा, रुबिना आचार्य, मधुकुमार चौलागाईं, मनिष खनाल, मनमाया विश्वकर्मा, सुष्मा स्वर्णकार ( डिम्पल), खीमा विक र सुलभ खरेलले बाल सुधारका विभिन्न पक्षबारे आफ्ना जिज्ञाशा र भनाइ राख्नुभएको थियो। यसअघि समितिको गत असार २९ गतेको बैठकमा सो विषयमा समितिका सदस्यसँग छलफल गरी प्रतिवेदनमाथि सुझावहरू ग्रहण गरिएको थियो।

## *विचार-विश्वकप ...*

राष्ट्र केप भर्डेले पहिलोपटक विश्वकपमा छनोट भएर पनि सबैको मन जित्न सफल भयो। करिब पाँच लाख ६० हजार जनसङ्ख्या भएको सानो राष्ट्रको टिमले अन्य टिमलाई दिएको चुनौती प्रशंशनीय थियो। अर्जेन्टिनाजस्तो बलियो टिमलाई अतिरिक्त समयसम्म चुनौती दिनसक्नु यो टिमको सानो सफलता थिएन। अन्तिममा पनि आत्मघाती गोलका कारण यो टिम बाहिरिएको थियो। यसअघि स्पेनसँग गोलरहित बराबरी खेलेर केपभर्डेले विश्वकै ध्यान आफ्नो टिमतर्फ केन्द्रित गरेका थिए। केपभर्डे टिमले खेलेका सबै खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दै धेरै गोल बचाएर केप भर्डे टिमका ४० वर्षीय गोलकिपर भोजिन्हा उदाहरणीय खेलाडी बन्न पुगेका थिए।

**'तिमीलाई सम्झिरहनेछौं'**

विश्वकपमा खेल कौशल प्रदर्शन गरेर दर्शकहरूलाई प्रभावित बनाएका एक खेलाडीलाई प्रतियोगिता समाप्त नहुँदै गुमाउनुपर्दा फुटबलप्रेमीहरू अत्यन्त दुःखित भएका थिए। दक्षिण अफ्रिकाका एकजना खेलाडीले पराजयपछि घर फर्किएलगत्तै मृत्युवरण गरेको समाचारले सबैलाई स्तब्ध बनायो। दक्षिण अफ्रिकालाई पहिलोपटक विश्वकपको नकआउट चरणमा लैजान महत्वपूर्ण भूमिका खेलेका २५ वर्षीय खेलाडी जेडेन एडम्सको आफ्नो गृह मुलुकमा फर्केलगत्तै दुःखद् निधन भएपछि विश्वकपका खेलमा खेलाडीहरूले मौनधारण गरेका थिए। केपटाउनस्थित निजी निवासमा उनलाई मृत अवस्थामा फेला पारिएको थियो।

विश्वकपमा प्रतिस्पर्धा गरिरहँदा उनकी हजुरआमाको निधन भएको भए पनि उनले राष्ट्रको लागि खेललाई निरन्तरता दिएका थिए। विश्वकपमा दक्षिण अफ्रिकाले मेक्सिको, चेक गणतन्त्र र दक्षिण कोरियासँग प्रतिस्पर्धा गर्दा उनी मैदानमा सक्रिय देखिएका थिए। प्रतियोगिताको सहआयोजक क्यानडासँग पराजित भएपछि दक्षिण अफ्रिकी टिम स्वदेश फर्केको थियो।

**हारेर पनि जितेकाहरू**

विश्वकप फुटबल केही टिमले हारेर पनि दर्शकहरूको मन जितेका छन्। यस्ता टिममा इजिप्ट अग्रपङ्क्तिमा रह्यो। बोस्निया हर्जगोभिनाले पहिलोपटक नकआउट चरणमा पुगेर बाहिरिनु परे तापनि दर्शकहरूको अपार समर्थन पाउन सफल भएको थियो। यस्तै केही अफ्रिकी टिमले देखाएको खेल प्रदर्शनबाट अफ्रिकी मुलुकको आगामी दिनमा राम्रो सम्भावना भएको आकलन गर्न सकिन्छ। अफ्रिकी टापु केपभर्डे टिम पहिलोपटक नकआउटमा पुगेर आफ्नो आकर्षक खेल देखाएको थियो। विशेषगरी अर्जेन्टिनासँगको खेलका क्रममा यो टिमले मैदान कब्जा गरेर नतिजा आफ्नो पक्षमा ल्याउन कोशिस गरेको थियो। कङ्गो पनि दर्शकहरूको मन जित्न सफल टिमहरूमध्ये परेको थियो।

**घरभित्रको कुरा**

नेपाली फुटबल प्रेमीहरूले विश्वकपको अन्तिम चरणमा निःशुल्क फुटबलको प्रत्यक्ष प्रसारण हेर्ने अवसर पाएर राहतको महसुस गरे तर खेल अवधिमा केही समय विद्युत् आपूर्ति बन्द हुँदा दर्शकहरू निरास बन्न पुगे। सरकारी च्यानल एनटिभी प्लसले फाइनल र तेस्रो स्थानका लागि भएको खेलको कुनै शुल्क नतिरेरै हेर्ने व्यवस्था मिलाएको थियो। यसअघि दर्शकहरूले निजी क्षेत्रको टेलिभिजनमा शुल्क तिरेर मात्र विश्वकप हेरिरहेका थिए। स्थापनादेखि नै नेपाल टेलिभिजनले विश्वकप फुटबल निःशुल्क रुपमा प्रदर्शन गर्दै आइरहेको थियो। आगामी दिनमा यस्तो महत्वपूर्ण खेलकुद प्रतियोगिता निःशुल्क रुपमा प्रदर्शनका लागि सरकारी सक्रियता अपेक्षित मानिएको छ।

नेपालमा विश्वकपको अत्यन्त ठूलो प्रभाव परेको देखियो। बजारमा टेलिभिजनको बिक्री ह्वात्तै बढ्न गयो। होटल, रेष्टुरेण्टले फुटबल देखाएरै उल्लेखनीय व्यापार गरे। कयौं नेपाली विश्वकप हेर्नका लागि लाखौं रुपैयाँ खर्च गरेर प्रतियोगितास्थलमै समेत पुगेका थिए। मुलुकभित्र मध्यरातको समयमा पनि फुटबल हेर्नेको सङ्ख्यामा कुनै कमी देखिएन। बाटोमा विभिन्न टिमका जर्सी लगाएर हिँड्नेहरू थुप्रै देखिन्थे, जसमध्ये अर्जेन्टिनाका कप्तान मेस्सीको नाम अङ्कित १० नम्बरको टिसर्ट लगाउनेको सङ्ख्या उल्लेख्य रहेको थियो।

समग्रमा विश्वकै लामो खेलकुद प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबलले संसारभरका खेलप्रेमीहरूलाई एक सूत्रमा बाँध्दै विश्वबन्धुत्वको भावना अभिवृद्धिका लागि महत्वपूर्ण अध्याय स्थापित गरेको छ। विश्वकपका सन्दर्भमा विभिन्न १६ वटा रङ्गशालामा ३९ दिनसम्म सञ्चालन गरिएका १०४ खेलले भिन्दाभिन्दै भूगोल, संस्कृति तथा परिवेशमा रहेका मानिसलाई अझ नजिक बनाउँदै यो फुटबल प्रतियोगिताले नयाँ युगको थालनी गरेको छ।

यस प्रतियोगितामा अत्यन्त प्रतिस्पर्धात्मक खेलको माध्यमबाट विश्वकप विजेता चयन गरिनुका साथै अन्य विविध विश्व कीर्तिमान कायम भएका छन्। विश्वकपका सन्दर्भमा परम्परागत दावेदार टिम• हरूको छिट्टै पराजयजस्ता अप्रत्याशित नतिजा पनि देखिएका छन्। अपेक्षा नगरिएका टिम तथा चर्चामा नआएका कयौँ प्रतिभाशाली खेलाडीहरूको उचित खेल प्रदर्शन विश्वकपको विशेषता बनेको छ। विज्ञान तथा प्रविधिको उच्चतम विकासलाई खेलसँग जोड्ने सत्प्रयासले फुटबलमा नयाँ युगको थालनी भएको महसुस गरिएको छ।

विश्वकपमा पहिलोपटक धेरै मुलुकले खेल्ने अवसर पाए जसले समग्र विश्वकै फुटबलको विकासमा महत्वपूर्ण योगदान पुगेको अनुभव गरिएको छ। विगतमा सीमित शक्तिशाली टिमहरूको मात्र बाहुल्यता रहने गरेको विश्वकपमा यसपटक साना मुलुकका टिमहरूले समेत देखाएको प्रसंशनीय खेलबाट आगामी दिनमा प्रतिस्पर्धा अझ बढ्नसक्ने अपेक्षा गर्न सकिन्छ। समग्रमा फिफा विश्वकप २०२६ ले जुन इतिहास कायम गरेको छ, जसले फुटवलको विश्वव्यापी मैदानलाई अझ फराकिलो बनाउँदै लगेको छ। यसबाट निकट भविश्यमा विश्वको जुनसुकै कुनामा बसेका फुटबलप्रेमीहरू पनि लाभान्वित हुनसक्ने कुरामा आशावादी हुन सकिन्छ।

# विश्व समाचार

## प्रश्नपत्र चुहावटविरुद्ध भारतमा युवा आन्दोलन चर्कियो

नयाँदिल्ली, ४ साउन (रासस/एपी)।

प्रहरीले अनुमति नदिए पनि शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै युवाहरूको नेतृत्वमा रहेको 'ककोच' आन्दोलनका हजारौं समर्थक सोमबार संसद् भवनतर्फ मार्च गर्ने उद्देश्यले नयाँदिल्लीमा भेला भएका छन्। राजधानीको जन्तरमन्तर क्षेत्रमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको छ भने संसद् आसपास सुरक्षा व्यवस्था कडा पारिएको छ। प्रदर्शनकारीहरूले अघि बढ्ने प्रयास गरे झडप हुन सक्ने भन्दै प्रहरीले उनीहरूलाई लाउडस्पीकरमार्फत तितरबितर हुन आग्रह गरेको छ।

प्रदर्शनमा विद्यार्थी, विभिन्न पेशाका व्यक्तिहरू तथा परिवारसहितका सर्वसाधारण सहभागी भएका छन्। उनीहरूले भारतीय झण्डा बोकेर शिक्षामन्त्री प्रधान र प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध नाराबाजी गरेका छन्। 'ककोच जनता पार्टी' नामबाट परिचित यो आन्दोलन मे महिनामा सर्वोच्च अदालतका प्रधानन्यायाधीशले एक फरक मुद्दाको सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'ककोच' (साङ्ला) सँग तुलना गरेपछि सुरु भएको हो। प्रदर्शनकारीहरूले उक्त टिप्पणीलाई व्यङ्ग्यात्मक रूपमा आत्मसात गर्दै सामाजिक सञ्जालमार्फत आन्दोलनलाई व्यापक बनाएका हुन्। मेडिकल कलेज र सरकारी सेवाका प्रवेश परीक्षाको प्रश्नपत्र पटक-पटक चुहिएको घटनापछि बढेको असन्तुष्टिले आन्दोलनलाई थप बल दिएको हो। शनिबार अनशनरत अभियन्ता सोनम वाङचुकलाई प्रहरीले अस्पताल लगेको घटनापछि आन्दोलनले अझ व्यापक समर्थन पाएको छ। प्रदर्शनकारीहरू विगत एक महिनादेखि जन्तरमन्तरमा धर्ना दिँदै आएका छन्। उनीहरूले शिक्षामन्त्रीको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहिएपछि आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन्।

वाङचुकले सरकारले शिक्षा प्रणालीको सुधारका लागि ठोस प्रतिबद्धता जनाए वा प्रदर्शनकारीलाई संसद्सम्म पुग्न दिएर सांसदहरूले यी मुद्दा संसद्मा उठाउने सुनिश्चित गरेमा मात्र आफ्नो करिब तीन सातादेखिको अनशन अन्त्य गर्ने बताउनुभएको छ। दिल्ली प्रहरीले भने संसद्को मनसुन अधिवेशन सुरु भएकाले सुरक्षा कारण देखाउँदै मार्चको अनुमति नदिइएको जनाएको छ। प्रधानमन्त्री मोदी नेतृत्वको सरकारका लागि यो आन्दोलन सार्वजनिक रूपमा देखिएको दुर्लभ चुनौती बनेको छ। विपक्षी दल, नागरिक अधिकारकर्मी तथा केही बलिउड कलाकारहरूले पनि आन्दोलनप्रति समर्थन जनाएका छन्। यद्यपि सरकारका वरिष्ठ मन्त्रीहरूले आन्दोलनप्रति कडा धारणा अपनाएका छन्। शिक्षामन्त्री प्रधानले प्रदर्शनकारीमाथि राष्ट्रविरोधी गतिविधिमा संलग्न भएको आरोप लगाउनुभएको छ भने अन्य मन्त्रीहरूले विद्यार्थीहरूको चिन्ता जायज भए पनि आन्दोलनसँग वार्ताको आवश्यकता नरहेको बताएका छन्। प्रदर्शनमा सहभागी योग प्रशिक्षक ज्योति राजपुतले शिक्षा प्रणालीमा सुधारका लागि आन्दोलनमा सहभागी भएको बताउँदै सरकार विद्यार्थीहरूको पीडाप्रति संवेदनशील नभएको आरोप लगाउनुभयो।

## अमेरिका-इरान द्वन्द्व चर्किँदा कच्चा तेलको मूल्य उकालो

हङकङ, ४ साउन (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिका र इरानबीच बढ्दो सैन्य तनावका कारण सोमबार अन्तरराष्ट्रिय बजारमा कच्चा तेलको मूल्य एक महिनायताकै उच्च विन्दुमा पुगेको छ। यसैबीच, मध्यपूर्व युद्धको सम्भावित प्रभावको मूल्याङ्कन गरिरहेका लगानीकर्ताका कारण एसियाली शेयर बजारमा मिश्रित कारोबार भएको छ। गत सातादेखि अमेरिका र इरानबीचको सैन्य टकराव चर्किएसँगै विश्वको समुद्री तेल आपूर्तिको करिब पाँचौं भाग ओसारपसार हुने हर्मुज जलसन्धिमा अवरोध आउन सक्ने चिन्ताले कच्चा तेलको मूल्य बढाएको हो। अन्तरराष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेल र अमेरिकी मापदण्ड वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटीआई) दुवैको मूल्य गत साताको अन्त्यमा चार प्रतिशतभन्दा बढीले बढेको थियो। सोमबार ब्रेन्टको मूल्य प्रतिब्यारेल ९१ अमेरिकी डलर नाघ्दै जुन ११ यताकै उच्च विन्दुमा पुगेको छ। यो वृद्धि अमेरिकाले इरानी सैन्य लक्ष्यहरूमा थप हवाई आक्रमण गरेपछि तथा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी तथा साझेदार राष्ट्रका सैन्य सम्पत्तिमाथि जवाफी आक्रमण गरेपछि भएको हो।

बजारमा बढ्दो भू-राजनीतिक तनावसँगै लगानीकर्ताहरू आर्थिक दृष्टिकोणबारे अन्योलमा छन्। उच्च तेल मूल्यले मुद्रास्फीति फेरि बढ्न सक्ने र केन्द्रीय बैङ्कहरूको ब्याजदर कटौतीको योजनामा असर पर्न सक्ने चिन्ता बढाएको छ। एसपीआई एसेट म्यानेजमेन्टका विश्लेषक स्टिफन इनेसले भन्नुभयो, "बजारले एकैपटक दुई विपरीत अवस्थाको सामना गरिरहेको छ। एकातिर भू-राजनीतिक जोखिमले तेलको मूल्य बढाइरहेको छ भने अर्कोतर्फ अमेरिकी मुद्रास्फीति घट्दै गएको र श्रम बजार नरम बन्दै गएकाले व्यापक मुद्रास्फीतिको नयाँ चक्र सुरु हुने सम्भावना कम देखिन्छ।"

उहाँका अनुसार तेलको मूल्य लामो समयसम्म उच्च रहेमा त्यसले घरायसी खर्च घटाउन र आर्थिक वृद्धिमा दबाब सिर्जना गर्न सक्छ। एसियाली शेयर बजारमा सोमबार मिश्रित कारोबार भयो। चीनले अर्थतन्त्रलाई थप प्रोत्साहन दिन नयाँ उपाय सार्वजनिक गर्ने अपेक्षाले हङकङ र साङ्घाईका बजारमा उल्लेखनीय वृद्धि भएको छ। हङकङको सूचकाङ्क दुई प्रतिशतभन्दा बढी र साङ्घाईको सूचकाङ्क एक दशमलव ३२ प्रतिशतले उकालो लागेको छ। ताइपेई, मनिला र सिङ्गापुरका बजार पनि बढेका छन्। यता सियोल, सिड्नी र वेलिङ्टनका बजारमा भने सावधानीपूर्ण कारोबार देखिएको छ। गत शुक्रबार वाल स्ट्रिटका तीनवटै प्रमुख सूचकाङ्क गिरावटमा बन्द भएपछि लगानीकर्ताहरू अझ सतर्क बनेका छन्। यसैबीच, भू-राजनीतिक तनावका बावजुद अन्तरराष्ट्रिय बजारमा सुनको मूल्य शून्य दशमलव ४० प्रतिशतले घटेको छ भने चाँदीको मूल्य एक प्रतिशतले बढेको छ।

# मुक्त हरवा चरवाको १० बुँदे बर्दिबास घोषणापत्र जारी

जनकपुरधाम, ४ साउन (रासस)।

मुक्त हरवा चरवा समुदायको जलवायु न्याय, सामाजिक समावेशीकरण तथा भूमि र वन अधिकार सुनिश्चित गर्नुपर्ने लगायतका १० बुँदे 'बर्दिबास घोषणापत्र-२०८३' जारी गर्दै मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलन सकिएको छ।

आदिवासी जनजाति तथा स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (डिजिएम) नेपालको सहयोग र राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजनामा महोत्तरीको बर्दिबासमा सम्पन्न मुक्त हरवा चरवा लक्षित प्रदेशस्तरीय जलवायु न्यायमा आधारित दलित अधिकार सम्मेलनले सो घोषणापत्र जारी गरेको हो।

घोषणापत्रमा मुक्त हरवा चरवा समुदायको वास्तविक पहिचान, प्रमाणीकरण, सामाजिक समावेशीकरण तथा जलवायु न्यायसँग सम्बन्धित अधिकारलाई व्यवहारमै कार्यान्वयन गर्न सरकारसँग माग गरिएको छ।

यस्तै हरवा चरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका-२०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनुपर्ने, भूमिहीन तथा बसोबासविहीन परिवारको वैज्ञानिक रूपमा भूमि पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने तथा मधेस प्रदेशका आठवटै जिल्लामा तथ्याङ्क सङ्कलन र परिचयपत्र वितरण अभियान सञ्चालन गर्नुपर्ने माग घोषणापत्रमा गरिएको छ।

घोषणापत्रमा नेपालले कार्यान्वयन गरिरहेको उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजनामा मुक्त हरवा चरवा समुदायको समानुपातिक सहभागिता सुनिश्चित गनुपर्ने, वनमा आधारित लाभ वितरणमा पारदर्शिता कायम गर्न र सामुदायिक वन व्यवस्थापनमा समुदायको प्रतिनिधित्व बढाउनुपर्नेमा मागसमेत घोषणापत्रमा गरिएको छ।

घोषणापत्रमा नागरिकता, शिक्षा, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा तथा सम्मानजनक रोजगारीका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने, साहुको चर्को ब्याजको ऋणबाट समुदायलाई मुक्त गराउन कानुनी व्यवस्था कडा बनाउनुपर्ने तथा सहकारी र कृषि व्यवसायमार्फत आयआर्जनका अवसर विस्तार गर्नुपर्ने उल्लेख गरिएको छ।

हरवा चरवा महिलाको नीति निर्माण, अनुगमन समिति तथा निर्णय प्रक्रियामा कम्तीमा ५० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने, बाढी, डुबान र खडेरीजस्ता जलवायुजन्य विपद्‌बाट प्रभावित बस्तीलाई स्थानीय अनुकूलन योजना तथा विपद् व्यवस्थापन कार्यक्रममा प्राथमिकता दिनुपर्ने माग पनि घोषणापत्रमा समेटिएको छ।

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्रतिबद्धता र घोषणापत्रका माग कार्यान्वयनको नियमित समीक्षा गर्न प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र समुदायका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव पनि घोषणापत्रमा अघि सारिएको छ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले सन् २०१३ मा गरेको अध्ययनअनुसार मधेस प्रदेशका आठ जिल्लामा एक लाखभन्दा बढी हरवा चरवा रहेको अनुमान छ। नेपाल सरकारले २०७९ साउन २ गते हरवा चरवा मुक्तिको घोषणा गरे पनि अधिकांश परिवार अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको भन्दै सम्मेलनले व्यावहारिक कार्यान्वयनमा जोड दिएको छ।

सम्मेलनमा मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेल, प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्मा, आठवटै जिल्लाका हरवा चरवा समुदायका प्रतिनिधि, मानव अधिकारकर्मी, नीति विज्ञ, नागरिक समाज तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

# 'लेबल' नभएका र न्यून गुणस्तरका खाद्यवस्तु बिक्री नगर्न विभागको आग्रह

काठमाडौँ, ४ साउन (रासस)।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले लेबल नभएका, कम गुणस्तर र गैर-खाद्य पदार्थ मिसावटयुक्त दैनिक अत्यावश्यक खाद्यवस्तुको बिक्री नगर्न आग्रह गरेको छ।

विभागले सोमबार सूचना जारी गर्दै चोरी पैठारी गरिएका दैनिक उपभोगका अत्यावश्यक खाद्य तथा पेय पदार्थ, लत्ता कपडालगायत उत्पादन भौतिक तथा डिजिटल प्लेटफर्मको माध्यमबाट बिक्री वितरण नगर्न सूचित गराएको हो।

विभागले उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेतालाई कानुनले तोकेबमोजिमको दायित्व तथा सर्त बन्देज परिपालना गरी व्यापार व्यवसाय सञ्चालन गर्न आग्रह गरेको छ।

# भत्ताको वितरणमा अनियमितता भएको आरोपमा ४२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर




**दैनिक समाचारदाता**
**रौतहट, ४ साउन।**

अख्तियार अनुसन्धान आयोगले रौतहटको दुर्गा भगवती गाउँपालिका ३ मत्सरीमा वृद्ध, एकल महिला/विधवा तथा अन्य सामाजिक सुरक्षा भत्ताको वितरणमा व्यापक अनियमितता भएको आरोपमा ४२ जनाविरुद्ध विशेष अदालत काठमाडौँमा सोमबार भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

तत्कालीन निमित्त कार्यकारी अधिकृत प्रमोद कुमार ठाकुर, वडा नं. ३ का वडाध्यक्ष धर्मेन्द्र कुमार झा, वडा सचिव उमेश चौधरीसहित ४२ जनाले आपसी मिलेमतोमा सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता गरी सार्वजनिक सम्पत्तिमा ३२ लाख २४ हजार १ रुपैयाँ बराबरको हानिनोक्सानी पुऱ्याएको अभियोग लगाइएको आयोगका प्रवक्त सुरेश न्यौपानले सोमबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

अख्तियारका अनुसार सेवाग्राहीबाट आवश्यक निवेदन तथा प्रमाण कागजात नलिई झुट्टा विवरणका आधारमा सामाजिक सुरक्षा परिचयपत्र (कार्ड) जारी गरिएको, बैंकिङ प्रणाली लागू हुनुअघि एउटै व्यक्तिले विभिन्न लाभग्राहीका नाममा औँठाछाप लगाएर भत्ता बुझेको तथा बैंकिङ प्रणाली लागू भएपछि पनि झुट्टा विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी अयोग्य व्यक्तिलाई भत्ता उपलब्ध गराइएको पाइएको छ।

त्यस्तै, उमेर नपुगेका व्यक्तिलाई ज्येष्ठ नागरिक भत्ता तथा श्रीमान् जीवित रहेका महिलालाई एकल महिला/विधवा भत्ता उपलब्ध गराइएको अनुसन्धानबाट पुष्टि भएको अख्तियारले जनाएको छ।

अनुसन्धानबाट आर्थिक वर्ष २०७४/०७५ देखि २०८१/०८२ सम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कानुनी योग्यता नपुगेका व्यक्तिलाई लाभग्राही कायम गरी वृद्धभत्ता, एकल महिला/विधवा भत्ता तथा दोहोरो शीर्षकमा समेत भुक्तानी गरिएको खुलेको छ।

उक्त कार्यबाट सार्वजनिक सम्पत्तिको हिनामिना भएको निष्कर्षसहित प्रतिवादीहरूमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत सार्वजनिक सम्पत्ति हानिनोक्सानी, गलत लिखत तथा सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको कसुरमा सजायको माग गर्दै विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

# मधेसमा यातायात सेवा पूर्णरूपमा डिजिटल प्रविधिमा

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ साउन।**

मधेस प्रदेश सरकारले यातायात सेवालाई पूर्णरूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्दै सेवाग्राहीले घरबाटै अनलाइनमार्फत सेवा लिन सक्ने व्यवस्था लागू गरेको छ।

मधेस प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८३/८४ देखि यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवालाई पूर्णरूपमा डिजिटल बनाइएको हो।

अब सेवाग्राहीले आफ्नै मोबाइल वा कम्प्युटरमार्फत मन्त्रालयको पोर्टलमा प्रवेश गरी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी आवेदन, नवीकरण, सवारीसाधनसम्बन्धी सेवा तथा अन्य आवश्यक कार्य अनलाइनबाटै गर्न सक्ने व्यवस्था मिलाइएको मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयका उपसचिव धन्जयकुमार सिंहले जानकारी दिएका छन्।

उपसचिव सिंहका अनुसार डिजिटल प्रणाली लागू भएसँगै कार्यालयमा लामो लाइन बस्नुपर्ने बाध्यता हट्ने, बिचौलियाको प्रभाव न्यूनीकरण हुने तथा सेवा प्रवाह थप छिटो, सहज र पारदर्शी बन्ने अपेक्षा गरिएको छ।

मन्त्रालयले सबै सेवाग्राहीलाई अनलाइन प्रणालीको प्रयोग गरी सहज रूपमा सेवा लिन आग्रह गर्दै सामान्य कामका लागि अनावश्यक रूपमा कार्यालयमा उपस्थित नहुन तथा बिचौलियाको भर नपर्न अनुरोध गरेको छ।

## *"रुपनी बजार" को ...*

हुर्किएका छन। तर, आफ्नै घरजग्गाको पुर्जा हातमा नहुँदा १ सय ७६ परिवारको भविष्य अझै अनिश्चित छ।

गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले सम्बन्धित जग्गाधनी परिवारसँग समन्वय गरी बसोबास गर्दै आएका स्थानीयको नाममा जग्गा पास गराउने प्रयास जारी रहेको बताए।

पूर्वअध्यक्ष हरेराम यादव पनि यही प्रक्रियालाई दीर्घकालीन समाधान हुने बताउँदै २५ जनाले यसै विधिबाट पुर्जा प्राप्त गरिसकेकाले बाँकी परिवारका लागि पनि यही उपाय प्रभावकारी हुनेमा जोड समेत दिए।

बि.स. २०३२ सालमा तत्कालीन नकटी रायपुर गाउँपञ्चायतले बजार बसाउनका लागि स्थानीय १२ जना जग्गाधनीबाट ६ बिघा १० कट्ठा जग्गा प्रति कट्ठा दुई सय रुपैयाँका दरले खरिद गरेको थियो। तत्कालीन प्रधानपञ्च मुसहरु यादवले बजार बसाउन जग्गा दिने जग्गाधनीहरुलाई रकम भुक्तानी गरेर भरपाइ गराए पनि गाउँपञ्चायतको नाममा जग्गा पास गराउन भने सकेनन्। पछि सो जग्गालाई गाउँपञ्चायतले २०१ वटा प्लटमा विभाजन गरी प्रति प्लट दुई सय रुपैयाँका दरले स्थानीयलाई बसोबासका लागि उपलब्ध गराइयो। तर, कानुनी रुपमा जग्गा अझै पनि प्रारम्भिक जग्गाधनीकै नाममा रहेको छ।

## *कन्या छात्रावास १५ ...*

निर्माण व्यवसायीले हालसम्म छात्रावास हस्तान्तरण नगरेकोले त्यसको उपयोग हुन सकेको छैन्।" जिकिर गरिएको छ।

उक्त छात्रावास क्याम्पसलाई तत्काल हस्तान्तरणको लागि यसअघि २०८३ जेठ २६ गते ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीलाई बुझाएको स्मरण गराउँदै पत्रमा भनिएको छ, "हालसम्म सो विषयमा केही पहल भएको छैन्। अबको १५ दिनमा आवश्यक सबै कार्य प्रक्रिया पुरा गरि छात्रावास भवन क्याम्पसलाई हस्तान्तरण गर्न माग गर्दछौं।"

यसअघि पनि पटकपटक सो कार्यको लागि जानकारी गराउँदा राज्यले गम्भीरतापूर्वक नलिएकोले अबको १५ दिनमा माग पुरा नभए बाध्यतावस सशक्त कदम चालेर जनहितको लागि छात्रवास संचालनमा ल्याउने चेतावनी समेत दिइएको छ।

सो स्मरण पत्र प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जिल्ला समन्वय समिति, राजविराज नगरपालिका, भौतिक पुर्वाधार कार्यालय, म.वि.व.क्याम्पस, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल नं. ६ गणलाई बोधार्थ समेत गरिएको छ।

# स्पेनले जित्यो १६ वर्षपछि विश्वकपको उपाधि

काठमाडौँ ४ साउन (रासस)।

साविक विजेता अर्जेन्टिनालाई पराजित गर्दै युरोपेली च्याम्पियन स्पेनले १६ वर्षपछि फिफा विश्वकप २०२६ को उपाधि जितेको छ। स्पेनले यसअघि सन् २०१० मा विश्वकपको उपाधि हासिल गरेको थियो।

अमेरिकाको न्युयोर्कस्थित न्युजर्सी स्टेडियममा सोमबार भएको खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीबाट गोल हुन नसकेपछि खेल अत्तिरिक्त समयमा धकेलिएको थियो।

अत्तिरिक्त समयमा स्पेनका फेर्रान टोरेजले गोल गरे। उनले खेलको १०६औं मिनेटमा गोल गर्दै अर्जेन्टिनाविरुद्ध एक शून्यको अग्रता लिएका थिए। त्यसपछि खेलमा थप गोल हुन सकेन र स्पेनले अर्जेन्टिनामाथि एक शून्य गोलको जित हासिल गर्‍यो।

खेलको निर्धारित ९० मिनेटको समयमा एन्जो फर्नान्डेजले दोहोरो पहेँलो कार्ड पाएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित बनेको थियो। त्यसैको फाइदा उठाउँदै स्पेनले गोल गर्न सफल भयो।

सेमिफाइनलमा अर्जेन्टिनाले इङ्ग्ल्यान्डलाई २-१ ले गोलअन्तरले पराजित गर्दै विश्वकपको फाइनलयात्रा तय गरेको थियो। स्पेनले फ्रान्सलाई २-० गोलअन्तरले हराउँदै फाइनलमा पुगेको थियो।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*